# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०३।०६ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सरकारी सार्वजनिक सम्पत्ति हानिनोक्सानी र गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०३।०६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | शिव बहादुर गुरुङ्ग समेत ४ जना (वि.अ. को मु.नं. ०७७-CR-०१२४), वि.अ. को फैसला मिति २०७९।१०।२५) | झुठा विल भरपाई बनाई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्र. शिव बहादुर गुरुङ, गंगा बहादुर घले र सुजन अंगाईको हकमाः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐन को दफा ३(१)(घ) बमोजिम सजाय हुन र प्रतिवादी अमर बहादुर गुरुङको हकमा भ्र.नि. ऐन, २०५९ को दफा ८(४) को कसुरमा ऐ. ऐन को ऐ. दफा बमोजिम सजाय हुन। | <u>फैसलाः</u> आरोप मागदावीवाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• एउटै टोलीले तयार पारेको मुचुल्का र प्रतिवेदनमा फरक फरक व्यहोरा उल्लेख भएको,<br>• मुचुल्कामा सबै कार्यको नाप गर्न नसकिएको र इष्टिमेट बमोजिम काम भएको भन्ने देखिएकोमा स्थलगत प्राविधिक प्रतिवेदनमा सोही बमोजिमको व्यहोरा उल्लेख नभएको र सर्जमिन मुचुल्का एवं स्थलगत प्रतिवेदनका कतिपय विषय विरोधाभाषपूर्ण रहेको,<br>• विवादित कार्यको चेक जाँच गर्ने प्राविधिक प्रतिवादी सुजन अंगाईले निर्माण व्यवसायीले गलत गूणनफल तयारपारी ल्याएकोमा सो सम्बन्धमा उचित ध्यान पुग्न नसकेको भनी वयान गरेको। प्रतिवादीले बदनियतपूर्वक निर्माण व्यवसायीको उक्त कार्यलाई समर्थन गरेको भन्ने देखिदैन भने निर्माण व्यवसायीले पनि बदनियतपूर्वक त्यसरी बिल बनाएको भन्ने पुष्टी हुनसकेको देखिएन,<br>• ठेक्काको भुक्तानीको विषयमा महालेखा परीक्षकवाट रु.५४,५२०।– बेरुजु औंल्याएकोमा उक्त रकम प्रतिवादीले मिति २०७८/०३/२३ मा दाखिलासमेत गरिसकेको। | • प्रस्तुत मुद्दाको आरोपदावी प्रस्तुत सडक निर्माण भयो भएन वा नभएको सडकको भुक्तानी दियो भन्ने विषय नै नरहेको। प्रस्तुत मुद्दाको विषय प्रतिवादीहरुले भएको कामको नापजाँच गर्दा नापी किताव (Measurement Book) मा नै कामको लम्वाई, चौडाई र उच्चाई नाप गरी गुणन गरी हिसाव निकाल्दा गलत किसिमले अत्याधिक बढी हिसाव निकाली रकम भुक्तानी दिएको भन्ने रहेको,<br>• लागत अनुमान देखी नै गुणनमा फरक पारी विल वनाउँदा नापी किताव (measurement book) बनाउँदा ५२५ घनमिटर हुनु पर्नेमा ८४५ प्रतिशत बढी ४४३७.५० घनमिटर हिसाव उल्लेख गरेको आरोपमागदावी बमोजिमनै कसूर ठहर गरी फैसला हुनु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको,<br>• निर्माण कार्यको स्थलगत अनुगमन गरी सम्झौता बमोजिमको निर्माणकार्य भएको छ छैन भन्ने विषयमा अनुगमन मुल्यांकन गरी सो पश्चातमात्र सम्पन्न भएको कार्य बमोजिम नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा नगरी बदनियत पूर्वक निर्माण सम्पन्न भएको कार्यको परिमाण झण्डै नौ गुणा बढीबढाई निर्माण नै नभएको कार्यवापत निर्माण व्यवसायीलाई भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी पुर्‍याउने तथा निर्माण कम्पनीसंगको मिलेमतोमा आफूहरुले गैरकानूनी लाभ लिने मनसायले झुठा बिल भरपाई बनाई भुक्तानी दिएको स-प्रमाण पुष्टी भएको,<br>• मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो। त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ । कार्यको प्रकृति, सम्भावित परीणाम र सो परीणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने हुन्छ। अभियुक्तले आफ्नो कार्यको सम्भावित परीणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन भन्ने कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परीणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भनी एकिन गर्नुपर्ने" भनी सम्मानीत सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | चिरञ्जिवि थापासमेत २ जना (वि.अ. को मु.नं. ०७६-CR-०१४५), वि.अ. को फैसला मिति २०७९।१२।२३) | गैरकानूनी सम्पत्ती आर्जन गरी भ्रष्टाचार गरेको। | प्र.चिरञ्जिवि थापासमेत २ जनाको हकमाः विगो रु.१,१३,६०,४१०।९५ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुनका साथै स्रोत नखुलेको सम्पत्ति तथा लगानी खर्चहरु सहित विगो जफत हुन । | <u>**फैसलाः**</u> अभियोग मागदावीवाट सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• आयोगले सैद्धान्तिक आधार विना कायम गरेको जाँच अवधि सर्वोच्च अदालतवाट स्थापित न्यायिक मान्यता र सिद्धान्त विपरीत भएको,<br>• प्रतिवादीले विभिन्न समयमा प्राप्त गरेको आय भन्दा कम आय आयोगले देखाएको,<br>• प्रतिवादीको तलब भत्ताको सम्बन्धमा कायम गरेको अंक यथार्थपरक नदेखिदा तलब भत्ताको सम्बन्धमा आयोगले कायम गरेको रकमलाई मान्यता दिन नमिल्ने,<br>• आयोगले प्रतिवादी प्रमिला उप्रेतिको भत्ता वापत प्राप्त रकम आयमा समावेश नगरेको हुँदा सो रकम आयमा समावेश गर्नुपर्ने,<br>• प्रतिवादीहरुले समग्र जाँच अवधिमा विक्रि गरेको सम्पूर्ण शेयरहरुवाट प्राप्त आयलाई सम्पत्ति आर्जनको रुपमा लिनुपर्ने। | • आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने,<br>• **“गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरुमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको सो अविधमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरुवाट स्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहने। बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने”**[1] भनी सिद्धान्त प्रतिपादन भएको,<br>• आयोगले कायम गरेको रकम भन्दा रु.२८,५२,३५१।३२(अट्ठाईस लाख बाउन्न हजार तीन सय एकाउन्न रुपैया बत्तीस पैसा) बढी आय कायम गरेको त्रुटीपूर्ण रहेको,<br>• **आय भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पर्छ सो शब्दले यस ऐनबमोजिम गणना गरिएको सो आयको कूल रकमलाई समेत जनाँउछ**[2] भनी परिभाषित गरेकोमा आयमा कायम गर्न नमिल्ने रकमलाई समेत थप आय कायम गरेको,<br>• विना आधार अनुमानको भरमा आयोगले कायम गरेको रकम भन्दा रु.७७,६३,२२८।२०(सत्तहत्तर लाख त्रिसठ्ठी हजार दुई सय अठ्ठाईस रुपैया बीस पैसा) कम ब्यय कायम गरेको,<br>• **“न्यायोचित अनुमान शून्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्ने ।”**[3] भन्ने सिद्धान्त प्रतिपादन भएको। |

[1] ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६।

[2] आयकर ऐन, २०५८ (आर्थिक ऐन, २०७९ को संशोधन सहित) को दफा २(ज)।

[3] ने.का.प.२०६७, अंक १२, नि.नं. ८५१९।